बैठक नं.८

आज मिति २०७९/०९/१४ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ८:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | — |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | — |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | प्रमुख प्रशासकीय अधिकृत | |

गंगादत्त पौडेल - का.वा. वडाध्यक्ष -

प्रस्ताव नं.८.१

**मिति २०७९।०८।१९ मा बसेको नगरकार्यपालिकाको सातौ वैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

निर्णय नं.८.१

- बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका जग्गाहरुको कृषि र गैह्रकृषि क्षेत्र कायम गर्ने गरी भुमिको वर्गीकरण सम्बन्धमा आवश्यक निर्णय गरिएको ।

प्रस्ताव नं.८.२

**नगरसभाको १२ औं अधिवेशन बस्ने गरी मिति तोक्ने सम्बन्धमा ।**

निर्णय नं.८.२

बुटवल उपमहानगरपालिकाको नगरसभाको १२ औं अधिवेशन देहायको मिति, समय र स्थानमा बस्ने गरी आवश्यक तयारी गर्ने निर्णय गरियो ।

मिति : २०७९।०९।२१ गते, विहीवार ।

समय: दिनको ३:०० बजे ।

स्थान : नगरकार्यपालिकाको सभाहल ।

प्रस्ताव नं.८.३

**समपुरक र विशेष अन्तर्गतका योजना माग सम्बन्धमा ।**

निर्णय नं.८.३

राष्ट्रिय योजना आयोग सिंहदरवार,काठमाडौंको प्रदेश सरकार र स्थानीय तहमा समपुरक तथा विशेष अनुदान बांडफांड गर्न आयोजना/कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धी मिति २०७९।०८।१९ गतेको सूचना अनुसार समपुरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि,२०७७ तथा विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि,२०७७ मा व्यवस्था भए बमोजिम यस बुटवल नगरक्षेत्रभित्र पूर्वाधार विकाससंग सम्बन्धित भौतिक पूर्वाधार विकास निर्माणका अतिरिक्त मानवीय चेतना एंव क्षमता विकासका लागि नगरको श्रोतले मात्रै पूरा हुन सक्ने नदेखिएको हुंदा संघीय सरकारसंगको सहकार्यमा आगामी आ.व. ०८०।०८१ मा थप पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रम कार्यान्वयन एंव निर्माण गर्नको लागि राष्ट्रिय योजना आयोगमा लागत साझेदारीको बजेट निकासा माग गर्न वाञ्छनीय देखिएकोले राष्ट्रिय योजना आयोगमा देहाय बमोजिमका समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत आयोजना छनौट गरी समपुरक अनुदानको आयोजनामा कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता सहितको प्रस्ताव पठाउने निर्णय गरियो ।

१.समपुरक अनुदान

(क) High Mask Light संख्या-५२ -रु.९ करोड

(ख) शहरी सडकको स्तरोन्नति -रु.१६ करोड

२.विशेष अनुदान

(क) विद्यालय

१.सरस्वती आ.वि., बुटवल-१ -रु.२ करोड

२.सुर्योदय आ.वि., बुटवल-११ -रु.२ करोड

३.प्रगति मा.वि., बुटवल-११ -रु.२ करोड

४.सिद्धेश्वर लालकुमारी मा.वि., बुटवल-७ -रु.२ करोड

५.नविन औद्योगिक कदर बहादुर रीता मा.वि. -रु.१ करोड

६.नहरपुर मा.वि., बुटवल-११ -रु.१ करोड

(ख) ज्योतिनगर पहिरो नियन्त्रण -रु.५ करोड

**प्रस्ताव नं.८.४**

**आर्थिक कार्यसंचालन निर्देशिका, २०७८ (तेस्रो संशोधन), २०७९ सम्बन्धमा ।**

**निर्णय नं.८.४**

आर्थिक कार्यसंचालन निर्देशिका, २०७८ माथि समय सापेक्षित रुपमा केही संशोधन गर्न आवश्यक भएको हुँदा उक्त निर्देशिकामा देहाय बमोजिम हुने गरी (तेस्रो संशोधन, २०७९) संशोधन गर्ने निर्णय गरियो ।

| निर्देशिकाको दफा, उपदफा | भएको व्यवस्था | संशोधनका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| अनुसूची ४ को खण्ड १ | बालविकास सहयोगि र विद्यालय सहयोगीलाई संघीय सरकारबाट प्राप्त हुने अनुदानमा थप समेत गरी रु.१५०००। | बालविकास सहयोगि कार्यकर्ता र विद्यालय सहयोगी कर्मचारीलाई संघीय सरकारबाट प्राप्त हुने अनुदानमा थप समेत गरी रु.१७०००। | नेपाल सरकारबाट भएको शिक्षकहरुको तलव सुविधा वृद्धि संगै बालविकास सहयोगी कार्यकर्ता र विद्यालय सहयोगीहरुको मासिक पारिश्रमिक वृद्धि गर्नुपर्ने देखिएकाले । |
| अनुसूची ४ को खण्ड २ | माध्यमिक तह (कक्षा ९ देखि १२) संचालन भएका विद्यालयलाई सहायक कर्मचारी (प्रशासन र लेखा) लाई संघीय सरकारबाट प्राप्त हुने अनुदान थप समेत गरी | माध्यमिक तह (कक्षा ९ देखि १२) संचालन भएका विद्यालयलाई सहायक कर्मचारी (प्रशासन / लेखा) लाई संघीय सरकारबाट प्राप्त हुने अनुदान थप समेत गरी रु २०५००। | नेपाल सरकारबाट भएको शिक्षकहरुको तलव सुविधा वृद्धि संगै बालविकास सहयोगी कार्यकर्ता |

| | | | |
|---|---|---|---|
| | रु १८५००। उपलब्ध गराउने। | उपलब्ध गराउने। | र विद्यालय सहयोगीहरुको मासिक पारिश्रमिक वृद्धि गर्नुपर्ने देखिएकाले। |
| अनुसूची ४ को खण्ड ३ | | उल्लेखित प्रावधान आर्थिक बर्ष २०७९/८० को सुरुवात देखि लागु हुनेछ। | नेपाल सरकारबाट भएको शिक्षकहरुको तलव सुविधा वृद्धि आर्थिक बर्ष २०७९/८० को सुरुवात देखि लागु भएकाले। |

**प्रस्ताव नं.८.५**

**योजनाहरुको म्याद सम्बन्धमा।**

**निर्णय नं.८.५**

वुटवल उपमहानगरपालिका र देहायका निर्माण व्यवसायीहरुवीच विभिन्न मितिमा योजना कार्यान्वयन गर्ने गरी भएका सम्झौताहरुको म्याद समाप्त भई निर्माण व्यवसायीहरुबाट विभिन्न कारण खुलाई म्याद थप गर्नका लागि निवेदन पेश भएको र प्राविधिक प्रतिवेदनबाट देहाय बमोजिम म्याद थप गर्ने गरी सिफारिस समेत भएको हुँदा देहाय बमोजिमका योजनाहरुको हकमा देहाय बमोजिम हुने गरी म्याद थप गर्ने निर्णय गरियो।

| सि.नं. | ठेक्का नं | योजनाको नाम | निर्माण व्यवसायी फर्म | ठेक्का रकम | म्याद समाप्तहुने मिति | म्याद थप अवधि | म्याद थप माग गर्नुका कारण |
|---|---|---|---|---|---|---|---|
| १. | २७/२०७७/०७८ | त्रिभुवनपथ फुटपाथ सहित सडक पिच निर्माण | रायमाझी निम कन्स्ट्रक्सन जे.भी. | १८१९०९५५/७१ | २०७९/०३/२५ | २०७९/०९/२५ | स्थानीय अवरोध, साइड क्लियर नहुनु, स्थानीय निर्वाचन, वर्षा ,चाडपर्व |
| २. | ०५/२०७८/०७९ | वेलभरिया चोक देखि कर्साघाट पुल सम्म सडक निर्माण | ववुलनारायण जे भी. | २,०४,२३,६८२/८३ | २०७९/०३/१५ | ०७९/०९/३० | स्थानीय निर्वाचन, मनसुनका कारण |
| ३. | १३/०७८/०७९ | रंगशालामार्ग नाली तथा फुटपाथ सहित सडक स्तरोन्नति | रायमाझी प्रदिप जे.भी. | ६७०१४६१०१६ | ०७९।०८।३० | ०७९/११/३० | विद्युत पोल सार्नुपर्ने र साइड क्लियर नभएको कारण |
| ४. | ३४/०७७/०७८ | वडा नं.११ नहरपुर मा.वि.भवन निर्माण कार्य | सि.एम.सगुन जे.भी. | ३२९२५११८।५३ | ०७९।०८।२५ | २०७९/१२/०९ | आम निर्वाचन, र चाडपर्वका कारण |

**प्रस्ताव नं.८.६**

**खरिद सम्झौताको म्याद अन्त्य सम्बन्धमा ।**

**निर्णय नं.८.६**

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय र देहाय बमोजिमका निर्माण व्यवसायीहरु बीच निम्न योजनाको कार्य गर्नको लागि खरिद सम्झौता भए तापनि सम्बन्धित निर्माण व्यवसायीहरुबाट कार्य सुचारु हुन नसकेको तथा म्याद थपको लागि निवेदन प्राप्त भए तापनि चालु आ.व. २०७९/०८० मा ती योजनाहरुको लागि बजेट सुनिश्चितता हुन नसकेकोले दुवै पक्षको ठेक्का तोड्ने सहमति भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ को उपदफा (४) अनुसार सार्वजनिक हितका लागि सुविस्ताको आधारमा खरिद सम्झौता हुदाका बखत राखिएको कार्य सम्पादन जमानत रकम फुकुवा गरी देहायका दुवै योजनाहरुको खरिद सम्झौता अन्त्य गर्ने निर्णय गरियो ।

| क.सं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | २१/०७८/०७९ | वडा नं. ६ स्थित लुम्बिनी स्पोर्ट कम्प्लेक्स कवर्डहल निर्माण | नोवेल ग्रुप अफ कन्स्ट्रक्सन प्रा.लि. काठमाडौं १० नयांवानेश्वर | |
| २ | २४/०७८/०७९ | वडा नं. १,२ र ३ स्थित तिनाउ खोलामा आर सि.सि. बेडवार लगाउने कार्य | लक्ष्मी एण्ड सुजल निर्माण सेवा, तिलोत्तमा ०६ | |

**प्रस्ताव नं.८.७**

**श्रम बैंक संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९ टेवुल गर्ने सम्बन्धमा ।**

**निर्णय नं.८.७**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट तयार भई आजको बैठकमा प्रस्तुत हुन आएको श्रम वैंक संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९ टेवुल गरियो ।

**प्रस्ताव नं.८.८**

**प्रधानमन्त्री रोजगार अन्तर्गतका योजना सम्बन्धमा ।**

**निर्णय नं.८.८**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन एवं कार्यान्वयन हुने गरी विभिन्न वडाहरुबाट प्रस्ताव भई आएका देहायका आयोजनाहरु उल्लेखित कार्यक्रम अन्तर्गत संचालन गर्ने गरी निर्णय हुन नगरसभाको १२ औं अधिवेशनमा सिफारिस गर्ने निर्णय गरियो ।

| सिफारिस भएको योजना | वडा नं. | स्थान |
|---|---|---|
| १. सार्वजनिक शौचालय मर्मत सम्भार तथा ढल एवं नाली सरसफाई कार्यक्रम बुटवल १ | १ | वडा भित्रका विभिन्न स्थानहरु |
| २. पैदलमार्ग निर्माण तथा मर्मत पुस्पनसिंह टोल अन्तर्गत | २ | पुस्पनसिंह टोल |
| ३. गल्ली बाटो पि. सि. सि. मिना ठकुरीको घर देखि चेतन ठाडा मगरको घर सम्म | २ | मिना ठकुरीको घर देखि चेतन ठाडा मगरको घर सम्म |
| ४. चौपारीको मर्मत सम्भार(भीमसेन) समाज सुधार टोल अन्तर्गत | २ | भीमसेन समाज सुधार टोल |
| ५. वडा नं. २ अन्तर्गत पर्ने सार्वजनिक जग्गा तथा बाटो छेउछाउ सफाई | २ | वडा भित्रका विभिन्न स्थानहरु |
| ६. साक्षरता(प्रोढशिक्षा) कार्यक्रम संचालन | २ | वडा भित्रका विभिन्न स्थानहरु |
| ७. मिलन टोल र चेतना पासाङ्ग टोल जोडने रिंगरोड बाटो निर्माण | ३ | मिलन टोल र चेतना पासाङ्ग टोल |
| ८. अजय रावलको घर पछाडि रिटेनिंग वाल निर्माण | ३ | अजय रावलको घर पछाडि |
| ९. चिरन्जीवी न्यौपानेको घर अगाडि वाल निर्माण | ३ | चिरन्जीवी न्यौपानेको घर अगाडि |
| १०. सुखौरा खोला तटबन्ध | ४ | वडा नं. ४ आदर्शनगरको पुल देखि प्रगतिनगरको पुल सम्म |
| ११. डिभाईडरमा रहेको फूलहरु संरक्षण, रंगरोगन तथा विशेष सरसफाई | ४ | वडा नं. ४ ट्राफिक चोक देखि नेपाल बिधुत प्राधिकरणको कार्यालय जाने बाटो सम्म |
| १२. लक्ष्मीपार्कमा सरसफाइ तथा स्तरोन्नती | ४ | बु.उ.म.न.पा. वडा नं. ४ को लक्ष्मी नगर |
| १३. सौभाग्यनगरमा फुटवल मैदान पछाडी तटबन्ध निर्माण | ५ | सौभाग्यनगर |
| १४. कच्ची नाला निर्माण | ७ | शिवनगर सफाई पार्कको उत्तर तर्फ बाहिरी फेरामा |

| | | |
|---|---|---|
| १५. पहुच मार्ग निर्माण | ७ | शिवनगर सरसफाई पार्क जाने स्थल |
| १६. झाडी सफाई तथा वृक्षहरुको सौन्दर्यकरण | ७ | शिवनगर सरसफाई पार्क परिसर |
| १७. नर्सरी निर्माण | ७ | शिवनगर सरसफाई पार्क |
| १८. वन क्षेत्र भित्र झाडी सफाई | ७ | शिवनगर सामुदायिक वन |
| १९. भौतिक संरचना तथा सुन्दरीकरण | ७ | ईको टुरिजम पार्क परिसर |
| २०. अग्नी नियन्त्रण कार्यक्रम | ७ | शिवनगर सामुदायिक वन |
| २१. गौशाला सरसफाई तथा व्यवस्थापन | ७ | शिवनगर सामुदायिक वन भित्र |
| २२. सडक गाइ व्यवस्थापन कार्यक्रम | ७ | शिवनगर सामुदायिक वन भित्र |
| २३. बेसार खेती( बेसारको बीउ लगाउने र झारपात उखेल्ने) | १० | रामनगर सामुदायिक बन क्षेत्र भित्र |
| २४. फलफूलका बिरुवाको संरक्षण गर्ने | १० | रामनगर सामुदायिक बन क्षेत्र भित्र |
| २५. जितेश्वरी टोल विकास संस्था अन्तर्गत रहेको धारापानीको मुहान देखि भैरव मन्दिर माथि रहेको पोखरी सम्म खानेपानीको व्यवस्था गरी त्यस ठाउँ वरपर हराभरा गराउने तथा पोखरी निर्माण कार्य | १३ | जितेश्वरी टोल विकास संस्था अन्तर्गत रहेको धारापानीको मुहान देखि भैरव मन्दिर माथि रहेको पोखरी सम्म |
| २६. सडक अधिकार क्षेत्र भित्रका झाडी हटाउने सरसफाई गर्ने | १४ | वडा १४ भित्र |
| २७. जनमैत्री टोल ५०० मि. नाली सरसफाई | १४ | जनमैत्री टोल |
| २८. जनमैत्री टोल सार्वजनिक जग्गा सम्याउने तारवार गर्ने | १४ | जनमैत्री टोल |
| २९. बेलबास बेथरी सडकको किनारमा रहेको सिंचाई नहरको छेउछाउमा रहेको नर्कट ढोंडेको सरसफाई कार्य | १७ | बेलबास बेथरी सडक |
| ३०. वडा कार्यालय १७ को कार्यालय रंगरोगन | १७ | वडा १७ को कार्यालय |

| | | |
|---|---|---|
| ३१. बेलबास बेथरी सडकको वडा १८ अन्तर्गत पर्ने क्षेत्रभित्रको झाडी बुट्यान हटाउन लगाई सडक किनारमा फलफूलका बिरुवा लगाई सडकलाई सौन्दर्य बनाउने कार्य | १८ | बेलबास बेथरी सडकको वडा १८ अन्तर्गत पर्ने क्षेत्रभित्र |
| ३२. वडा १८ अन्तर्गतका टोलहरुका मुख्य मुख्य सिचाईका कुलाहरु र मठ मन्दिरहरुको मर्मत सम्भार गर्ने कार्य | १८ | वडा १८ अन्तर्गत |
| ३३. खेती र कुलोको किनारमा नर्कट झाडी कटानी गर्ने र नर्कट निर्मुल पार्ने स्प्रे गर्ने | १९ | वडा नं. १९ अन्तर्गत |

**प्रस्ताव नं.८.९ विविध ।**

**प्रस्ताव ८.९.१**

**पुर्जा प्राप्तिको लागि सिफारिस सम्बन्धमा ।**

**निर्णय नं. ८.९.१**

बुटवल उपमहानगरपालिका वडा न.७ मा अबस्थित निम्न बमोजिमका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको जग्गा साबिकको सुकुम्बासी आयोगबाट नाप नंक्शांकन भै नक्शा तयार भएकोमा पुन: नापी टोलीबाट समेत नापनक्शा भै फिल्डनक्शा तयार भैसकेको तर केही जग्गाको मात्र लालपुर्जा लिन बाँकी रहेको तथा राष्ट्रिय भुमि आयोगमा पुर्जा प्राप्तिका लागि वडामा निबेदन पेश गरी वडाबाट समेत सिफारिस भएका उक्त वडाका निम्नानुसारका अव्यवस्थित बसोवासीहरुको लालपुर्जा प्राप्तिको लागि प्रकृया अगाडि बढाउन राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं. | नाम | सिट नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | कमला बि.क. | ०९८-१२००-११ | २७३ | ७४.२५ | अव्यवस्थित बसोवासी |
| २ | सोबित बहादुर बि.क., सुर्य बहादुर बि.क. | साबिक ८ज, हाल ०९८-११९९-०५ | सा.७०, हाल १६४, १६५ | ०-०-११ | अव्यवस्थित बसोवासी |
| ३ | जित बहादुर बि.क. | साबिक ८ज, हाल ०९८-११९९-०५ | सा.६९, हाल १६३ | ०-०-११ | अव्यवस्थित बसोवासी |
| ४ | राजिन प्रसाद आचार्य | ०९८-१२००-०६ | २८७ | ११४.७२ ब.मी. | अव्यवस्थित बसोवासी |
| ५ | होम बहादुर मल्ल | ०९८-११९९-०५ | ५६ | १२४.५० ब.मी. | अव्यवस्थित बसोवासी |
| ६ | सबिता जि.सी., कमला के.सी. | सा.८च, हाल ०९८- ११९९ -०५ | सा.१९४ हाल १०० | ०-०-९.५० | श्याम प्रसाद महरा संग घरसारमा खरिद, अव्यवस्थित बसोवासी । |

**प्रस्ताव नं.८.९.२**

**स्वमूल्यांकन सम्बन्धमा ।**

**निर्णय नं. ८.९.२**

स्थानीय तह स्वमूल्यांकन प्रणाली अन्तर्गत आ.व.०७८।०७९ मा यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको सूचक बमोजिमका कागजातहरु प्रणालीमा प्रविष्ट भएको व्यहोरा आजको वैठकमा जानकारी भयो ।

**प्रस्ताव नं.८.९.३**

**प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नं. ८.९.३**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको नाममा रहेको लु १द १०९ नं. को सेतो प्लेटको टेक्टर इलाका प्रहरी कार्यालयबाट नियन्त्रणमा लिएको सम्बन्धमा मिति २०७९।९।३ को निर्णय बमोजिम बुटवल उपमहानगरपालिकाको सुशासन समितिका संयोजक गंगादत्त पौडेलको संयोजकत्वमा गठित कार्यदलबाट पेश हुन आएको पाना दुईको प्रतिवेदन आजको वैठकमा प्रस्तुत भई जानकारी भयो । प्राप्त प्रतिवेदनलाई मध्यनजर राखी कमि कमजोरीहरुलाई आगामी दिनमा सच्याउदै जाने र सम्बन्धित व्यक्तिलाई सचेत समेत गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.८.९.४**

**१६/३६ कुलो सरसफाई सम्बन्धमा ।**

**निर्णय नं. ८.९.४**

१६/३६ कुलोको मुहान सफाई नगर्दा कुलामा पानी लैजान नमिल्ने र कृषकहरु सिचाई सुविधाबाट बन्चित हुने र कुलोको सरसफाईका लागि १६/३६ मौजाका जिम्मेवार पदाधिकारीहरु पटक/पटक डेलिगेशन समेत आउने गरेको हुँदा देहाय बमोजिमको समितिको प्रत्यक्ष निगरानी र सुपरभिजनमा घाटगद्दी एवं व्यवस्थापन गर्ने गरी १६/३६ कुलाको मुहानको मात्र सरसफाई गरी सिंचाई सुविधा पुऱ्याउने निर्णय गरियो ।

| | |
|---|---|
| वडाध्यक्ष, वडा नं. ५ | -संयोजक |
| वडाध्यक्ष, वडा नं.३ | -सदस्य |
| प्रतिनिधि, इलाका प्रहरी कार्यालय, बुटवल | -सदस्य |
| सम्बन्धित टोलको अध्यक्ष | -सदस्य |
| प्रतिनिधि, १६/३६ कुला समिति | -सदस्य |
| जयश्वर पाण्डे, अधिकृत छैटौ नगर प्रहरी बुटवल | -सदस्य |
| राम प्रसाद अर्याल, अधिकृतस्तर आठौ तह | -सचिव |

प्रस्ताव नं.८.९.५
सहयोग सम्बन्धमा ।
निर्णय नं. ८.९.५

(क) बुटवल उपमहानगरपालिका वडा नं.१९ का वडाध्यक्ष चन्द्रसिंह थापा (मगर) लामो समयसम्म विरामी भई मुटुको वाइपास सर्जरी गराई काठमाण्डौंमा उपचारमा रहनु भएको हुँदा निजलाई रु.१ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

(ख) नगरकार्यपालिकाको कार्यालयको वारुणयन्त्र तर्फ २४ घण्टा कामकाज गर्ने गरी तोकिएको चालक र नगरप्रहरी तर्फ १२ घण्टा ड्युटीमा रहने चालकलाई मिति २०७९ भाद्र महिना देखि लागु हुने गरी राशन सुविधा उपलब्ध गराउने गरी भएको निर्णय अनुमोदन गरियो ।

प्रस्ताव नं.८.९.६
अतिथि सत्कार सम्बन्धमा ।
निर्णय नं. ८.९.६

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र विकास निर्माण र सहयोग एवं कार्यक्रममा सहभागिता जनाउने गरी पाल्नु हुने अतिथिहरुलाई आतिथ्यताको सन्दर्भमा प्रमुखज्यूबाट स्वागत सम्मान गर्नुपर्ने भएको हुँदा अतिथि सत्कार शीर्षकबाट आवश्यकताको आधारमा स्वागत सत्कार गरे वापत प्रमुखज्यूलाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८.९.७
सहयोग सम्बन्धमा ।
निर्णय नं. ८.९.७

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र प्राकृतिक प्रकोप, दैवी प्रकोप लगायतका विपत्तिमा परेका उपमहानगरवासीहरुलाई सहयोग नगरी नहुने परिस्थितिको सृजना भएमा स्वीकृत कार्यविधिले निर्दिष्ट गरेको मापदण्डका आधारमा प्रमुखज्यू, उपप्रमुखज्यू र प्रमुख प्रशासकीय अधिकृतको आपसी समन्वयमा निर्णय गरी सहयोग उपलब्ध गराउने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।